# Promotion of Child Club and Child Participation in Changing Context

*Presented at Second National Conference of CCGs, 2023*

*-चन्द्रिका खतिवडा, बालअधिकार अध्येता*

*chandrika.khatiwada2@gmail.com*

# बालसहभागिताबारे केही कुरा...

# बालसहभागिताको प्रक्रिया (Children's Participation at a glance)

सशक्तिकरण Empowring

के का लागि? For what?

परिणाम वा प्रभाव Results/Impact

Girls and Boys
**Rights Holders**
बालबालिका,
अधिकारका धारका

**Duty/ Responsibility Bearers**
उत्तरदायित्व वहनकर्ता

(Interactive/ Information)
**Expressing/ Voicing**
(अन्तरक्रिया, सूचना)
अभिव्यक्ति गर्नु, आवाज उठाउनु

**Listening**
सुन्नु

**Responding/ Decision Making**
प्रतिक्रिया दिनु, निर्णय गर्नु

**Action/Acting upon**
काम गर्नु

**Quality participation**
**गुणस्तरीय सहभागिता**

Positive changes in the lives of children
**बालबालिकाको जीवनमा सकारात्मक परिवर्तन**

Improved decisions and actions to protect, fulfil and realize child rights
**बालअधिकारको प्राप्ति, परिपालना र संरक्षणको लागि निर्णय प्रक्रिया र कार्यक्रममा सुधार**

**Child Participation Practice Standards**
**बालसहभागिता लागि न्यूनतम मापदण्ड**

**बालबालिका**

**आमाबाबु वा अभिभावक, शिक्षक, गाउँ वा नगरपालिकाका प्रतिनिधि, स्थानीय बालअधिकार समिति, स्थानीय तहका सरकारी निकाय, प्रहरी, प्रदेश तहका निकाय, राष्ट्रिय बालअधिकार परिषद, विभिन्न सङ्घीय मन्त्रालय, न्यायालय आदि ।**

**अधिकारको धारक**का रूपमा:

- आफ्नो अधिकारबारे **सुसूचित र जानकार** छन्,
- आफ्नो अधिकारको मागदावी गर्न अभिव्यक्तिको अवशर पाएका छन्,
- बालअधिकार हनन् भएको स्थितिमा आवाज उठाउनेछन्, र
- यसबारे उजुरी गर्ने ठाउँ र आवाज सुन्ने निकाय एवम् प्रक्रिया उपलब्ध भएको हुनेछ ।

**उत्तरदायित्व बहनकर्ताका रूपमा वयस्क व्यक्ति र निकायले:**

- बालबालिकाप्रतिको आफ्नो उत्तरदायित्वबारे बुझेका हुनेछन् र त्यसलाई स्वीकार गर्नेछन्,
- आफूलाई दिइएको उत्तरदायित्व पुरा गर्ने अख्तियारी (Authority) दिइएको हुनेछ,
- आफ्ना उत्तरदायित्व पुरा गर्न आवश्यक पर्ने आर्थिक, मानवीय तथा संस्थागत स्रोत, सधन र संरचना उपलव्ध हुनेछ ।

**सशक्तिकरण**
(Empowerment)

**सवलीकरण**
(Enabling or Enhancing capacity)

**नागरिक समाज**
(व्यक्ति र संस्था...)


# बालबालिकाले नेतृत्व गरेको संस्था (बालक्लब) का मुख्य गुणस्तरीय तत्वहरू
# (Key Quality Elements of child led initiatives and organisations)

**Save the Children's Child Participation Working Group (CPWG) 2003-2005 in South Asia (including Afganistan) developed key quality elements for self-assessment of child led organizations to promote reflection, analysis, sharing, dialogue and action planning within organisations**

# १. गतिशील सदस्यता र नियमित बैठक (Dynamic membership and regular meetings)

- बालबालिकाले नेतृत्वमा भएको पहल तथा संस्था (बालक्लब) को सदस्यता सङ्ख्या अनि उनीहरूको सक्रियता बढ्दो रूपमा छ। त्यस्तै, सदस्यलाई नियमित बैठक बस्न तथा आफ्नो क्षमता अभिवृद्धि गर्नका लागि स्थान एवम् स्रोत उपलब्ध छ।

- CLO/CLI has a growing and active membership and a space to meet where its members hold regular meetings.



## २. साझा सोच (दृष्टिकोण), पहिचान र अपनत्व (Common vision, identity and ownership)

- बालबालिकाले नेतृत्वमा भएको पहल तथा संस्था (बालक्लब) को सबैजसो सदस्यको विश्वासलाई सम्मान गर्नेगरी सुस्पष्ट र साझा लक्ष्य छ। र, संस्थाको रूपमा विशिष्ट पहिचान (identity) बनाउन बालक्लब सफल भएका छन् । त्यसबारे बालबालिकाले नेतृत्व गरेको संस्था (बालक्लब) का सबै सदस्यले बुझेका छन् र त्यसमा सहमति जनाएका छन् ।
- CLO/CLI has a clear common goal that includes common beliefs and a single identity, and this is understood and agreed upon by all children who are members.



## ३. बालक्लबको मुद्दा बालबालिकाको नेतृत्व र अगुवाइमा तय गरिन्छ (न कि वयस्कको चाहनाबमोजिम) (Agenda setting: child led (rather than adult driven))

- बालबालिकाले नेतृत्व गरेको संस्था (बालक्लब) का सदस्यबीच नियमित रूपमा विचार, अनुभव तथा मुद्दाबारे विमर्श गरिन्छ र बुझाइ आदानप्रदान हुन्छ । सदस्य बालबालिकाले वयस्कका कुरा सुन्न तथा उनीहरूको बुझाइबारे मनन गर्न सक्दछन्, तर कुनै कामकुरा के-कसरी गरिनुपर्दछ भन्ने अन्तिम निर्णय भने आफूहरूको छलफलबाट तय गर्दछन् ।



- CLO children regularly meet to share their own ideas, experiences and issues. They may agree with some adult suggestions, but they are the ones who make the final decision on what and how things should be done.

## ४. आपसी मित्रतालाई घनिष्ट बनाउनेछन् (Building friendships)

- बालबालिकाले नेतृत्व गरेको संस्था (बालक्लब) ले आफ्ना सदस्यलाई मिलेर काम गर्न, आपसी मित्रता बढाउन र भिन्न पृष्टभुमिबाट आएकालाई साथी बनाउन सघाउँदछ। समयको अन्तरालमा बालबालिकाको यस्तो मित्रता अझै प्रगाढ हुँदै जानेछ, आपसी एकता सुदृढ हुँदै जानेछ र सदस्यबीच असल सञ्चार-सम्बाद निरन्तर रहनेछ। सदस्यका बीच ऐक्यवद्धता रहिरहनेछ र आपसी सहयोग आदानप्रदान भइरहनेछ।
- CLO has helped children get together with friends and make new friends from different backgrounds. This friendship is strengthened over time, creating unity and better communications between members, as well as solidarity and mutual support.



## ५. जीवन उपयोगी सीपमा निखारपन ल्याइनेछ (Fostering life skills)

- बालबालिकाले नेतृत्व गरेको संस्था (बालक्लब) ले आफ्ना सबै सदस्यलाई सञ्चार (Communication), समस्या समाधान (Problem solving) तथा निर्णय-लिने (Decision-making) लगायतका सीप सिक्न र विकास गर्न सहयोग पुऱ्याउँदछ। सबै बालबालिका आफू र आफ्नो बारेमा जानकार एवम् सजग हुनेछन्, विवाद समाधान गर्न र जीवनमा आइपर्ने तनावलाई सकारात्मक रूपमा सामना गर्न प्रोत्साहित भएका छन्।
- CLO helps all its members develop communication, problem solving and decision-making skills. All children are encouraged to be self aware, to resolve conflicts and to c positive way.



# ६. प्रजातान्त्रिक निर्णय-प्रक्रिया र समावेशी प्रतिनिधित्व (Democratic decision-making and inclusive representation)

- बालबालिकाले नेतृत्व गरेको संस्था (बालक्लब) ले सबै सदस्यको सहभागितामा सामुहिक निर्णय (Collective decision) गर्न सघाउँदछ । बालबालिकाले नेतृत्व गरेको संस्था (बालक्लब) ले आफ्ना सबै सदस्यलाई बालक्लबमा सक्रिय हुन प्रोत्साहन गर्दछ र सबै सदस्यले बालक्लबको प्रतिनिधित्व गर्न उचित अवसर पाउँदछन् ।
- 
- CLO helps children make decisions collectively with the involvement of all members. The CLO encourages all members to be active, and gives a fair chance for all members to represent their organisation.



## ७. सूचना-जानकारीमा पहुँच तथा खुल्ला छलफल (Access to information and open communication)

- बालबालिकाले नेतृत्व गरेको संस्था (बालक्लब) मा सबै सदस्यसम्म पुग्नेगरी बालमैत्री ढाँचामा सूचना-जानकारी उपलब्ध भएको छ। सबै सदस्यले आफूसँग भएको सूचना-जानकारी अरू सबैसँग आदानप्रदान गर्ने परिपाटी छ।
-
- CLO has information that is child friendly and reaches all children. Information is shared with and by all.



## ८. आफ्ना अधिकार तथा जिम्मेवारी प्रवर्द्धन गर्न बालबालिका सजग छन् र सदस्यहरू सक्रिय रूपमा लागिपरेका छन् (Children aware and active in promoting their rights and responsibilities)


- बालबालिकाले नेतृत्व गरेको संस्था (बालक्लब) का सबै सदस्य संयुक्त राष्ट्रसङ्घीय बालअधिकारसम्बन्धी महासन्धिका सिद्धान्त र प्रावधान तथा बालअधिकारसम्बन्धी राष्ट्रिय कानूनी व्यवस्थाबारे जानकार छन् । र, त्यसबारे सक्रिय रूपमा सचेतना अभिवृद्धिमा जुट्दछन् । सदस्य बालबालिका अधिकारका साथै त्यससँग सम्बन्धित कर्तव्यबारे समेत जानकार भएका छन् ।

- CLO children know the Convention on the Rights of the Child and actively raise awareness about it. They are also aware of the responsibilities that go along with their rights.



## ९. विश्लेषण, कार्य र परिवर्तनतर्फ उन्मुख (Analysis, action and change oriented)

- बालबालिकाले नेतृत्व गरेको संस्था (बालक्लब) का सदस्यले आफूहरूसँग सरोकार राख्ने विषय वा मुद्दाबारे सवाल उठाउने, छलफल गर्ने तथा विश्लेषण गर्ने गर्दछन् । र, सोहीअनुसार तिनलाई सम्बोधन गर्न कार्ययोजना तयार गरी कार्य गर्दछन् ।
- CLO children raise, discuss and analyse issues that concern them and take action to solve them.



## १०. सहभागिता बालबालिकाको छनौटको विषय हुनेछ र त्यसका लागि समावेशी विधिहरू तय गरिनेछ (Choice and inclusive methods)

- आफ्नो सहभागिताबारे सदैब बालबालिकाको छनौटले प्राथमिकता पाउँदछ । बालबालिकाले नेतृत्व गरेको संस्था (बालक्लब) का सबै सदस्यलाई सहभागिताका कारण आउनसक्ने जोखिमबारे सोचविचार गर्न प्रोत्साहित गरिन्छ । बालक्लबले रचनात्मक तथा भिन्न उमेर तथा सक्षमता भएकालाई सुहाउँदो खालका विधिहरू (जस्तै : नाटक, गीत, चित्र लेखन, भित्तेपत्रिका, आदि) प्रयोग गर्दछन् ।
- Children always have choices about the level of their participation. They are encouraged to think about the risks that may result from their participation. CLO uses methods that are creative (e.g., drama, song, drawings) and that allow for the inclusion of children of different ages and abilities.



# ११. सहयोगी वयस्कहरू (Supportive adults)



- बालबालिकाले नेतृत्वमा भएको पहल तथा नेतृत्व गरेको संस्था (बालक्लब) लाई आमाबाबु, अभिभावक, सहजकर्ता, शिक्षक लगायत बालबालिकाको क्षमतामा विश्वास गर्ने वयस्कले असाध्यै राम्रोसँग सहयोग गरिरहेका छन्। वयस्कले बालबालिकालाई सम्मान गर्दछन् र उनीहरूलाई आफ्नो बारेमा वा बालक्लबको निर्णय गर्न सघाउँदछन्।

- CLO is well supported by adults (parents, facilitators, teachers) who believe in children. The adults respect the children and support them to make their own decisions.

## १२. साझेदारी र प्रभाव पार्ने (Partnerships and influence)

- बालबालिकाले नेतृत्व गरेको संस्था (बालक्लब) स्थानीय समुदायमा आफ्ना कामका कारण अत्यन्तै चिरपरिचित छन् । स्थानीय तहका संस्था तथा निकायका विभिन्न बैठकहरूमा बालबालिकाको विचार वा दृष्टिकोण बुझ्न, सुन्नका लागि बालक्लबका प्रतिनिधिलाई आमन्त्रण गरिन्छ । र, संस्था तथा निकायका जिम्मेवार पदाधिकारीहरू बालबालिकाले व्यक्त गरेको विचारलाई गम्भीरतापूर्वक लिन तयार भैसकेका छन् ।
- CLO is well known in the local area for its work. Its members often get invited to different meetings as people want to know the views of children and are prepared to take them seriously.



## १३. बालबालिकाले नेतृत्व गरेको अरू संस्था (बालक्लब) को आपसमा सञ्जाल निर्माण (Networks with other CLOs)

- बालबालिकाले नेतृत्व गरेको संस्था (बालक्लब) ले अरू बालक्लब वा समूहसँग मिलेर सञ्जाल बनाउँदछन् । बालबालिकाले नेतृत्व गरेको संस्था ( बालक्लब) का यस्ता सञ्जालले खासगरी आपसमा विचार, अनुभव आदानप्रदान गर्दछन् र समय समयमा साझा कार्यक्रम सञ्चालन गर्दछन् ।
- CLO has built networks with other children's groups (CLO). This children's network shares ideas and organises common events.



## १४. स्रोतको व्यवस्थापन तथा दिगोपन (Resources and sustainability)

- **बालबालिकाले नेतृत्व गरेको संस्था (बालक्लब) ले आफ्ना कार्यक्रम सञ्चालन गर्नका लागि कोषको प्रवन्ध गरेका छन् । र, उनीहरूले आफ्नो संस्था आत्मनिर्भर भइ लामो समयसम्म चलिरहोस् भनेर आवश्यक सूचना-जानकारी तथा सहयोग जुटाएका छन् ।**

- CLO has collected enough funds, information and support to keep the CLO running independently for a long time.



## १५. प्रतिविम्बन, अनुगमन तथा मूल्याङ्कन (Reflection, monitoring and evaluation)

- बालबालिकाले नेतृत्व गरेको संस्था (बालक्लब) ले आफ्ना अनुभवहरूबाट सिक्न समय समयमा लक्षित छलफल गर्दछन् । बालक्लबका सदस्यले केही समयको अन्तरालमा बालक्लब,संस्थाको सबल पक्ष तथा कमजोरीबारे छलफल गरी यसको काम, कार्यशैली तथा संरचनामा आवश्यक सुधारको लागि अथक प्रयास गर्दछन् । बालबालिकाले नेतृत्व गरेको संस्था (बालक्लब) ले गरेका काम तथा अपनाएका प्रक्रियाबारे प्रतिवेदन तयार गरी सम्बन्धित सबैलाई उपलब्ध गराउँदछन् ।

- CLO regularly learns from its experiences. Its members often discuss the group's/organisation's strengths and weaknesses and try to improve its work and structure. The CLO makes reports to share with others.



# बालसहभागिता कार्यान्वयनका लागि आवश्यक आधारभूत तत्वहरू

*साभारः बालअधिकार समितिको सामान्य टिप्पणी नं. १२ (२००९): बालबालिकाको सुनवाइको अधिकार, अनुच्छेद सङ्ख्या १३४ (अनौपचारिक नेपाली अनुवादः बालसहभागितामा कार्यरत संस्थाहरूको साझा समूह (कन्सोर्टियम), २०६९), पृ. ४९-५२*

# क) पारदर्शिता र सुसूचित

- आफ्नो विचार स्वतन्त्र रूपमा अभिव्यक्त गर्न र आफ्नो विचारलाई महत्व दिइनुपर्ने अधिकारका सम्बन्धमा सहभागिता कहाँ हुन्छ, यसको क्षेत्र वा दायरा के हो, यसको महत्व के हो र यसले के कस्ता सम्भावित परिणामहरू ल्याउँदछन् ?
- बालबालिकाले बुझ्न सक्नेगरी तथा उमेर-उपयुक्त किसिमबाट सूचनाजानकारी दिइनुपर्दछ ।



## ख) स्वयंसेवी

- इच्छाविरूद्ध विचार व्यक्त गर्न दबाव दिइनुहुँदैन र कुनै पनि समयमा सहभागी हुनबाट आफूलाई अलग हुन सक्नेबारे बालबालिका सूचित हुनुपर्दछ ।



## ग) सम्मानपूर्णता

- बालबालिकाको विचारलाई सम्मानका साथ लिइनुपर्नेछ र उनीहरूलाई आफैं आफ्ना विचार व्यक्त गर्न र क्रियाकलापहरू सुरूवात गर्न अवसरहरू दिइनुपर्दछ ।
- बालबालिकासँग काम गर्ने वयस्कहरू बालबालिकाका कुरा बुझ्नसक्ने, उनीहरूलाई सम्मान गर्ने र बालबालिकाको सहभागिताका राम्रो उदाहरणहरू सिर्जना गर्नसक्ने खालका हुनुपर्दछ ।
- वयस्कहरूले बालबालिका रहने सामाजिक-आर्थिक परिवेश, वातावरण र सांस्कृतिक सन्दर्भलाई राम्ररी बुझ्नु आवश्यक हुन्छ ।



## घ) सान्दर्भिकता

- आफ्ना विचार व्यक्त गर्न पाउने अधिकारसँग सम्बन्धित विषयहरू बालबालिकाको जीवनको वास्तविकतासँग सम्बन्धित हुनुपर्दछ। र, उनीहरूको ज्ञान, सीप र क्षमताहरू बढाउन सहयोग पुऱ्याउने किसिमबाट गरिएको हुनुपर्दछ। पहिचान गरेका विषयहरू सान्दर्भिक र महत्वूर्ण भएको कुरामा जोड दिनसक्ने बनाउन र तिनलाई सम्बोधन गर्न बालबालिकालाई सक्षम बनाउने उपयुक्त स्थान, वातावरण र सहजीकरण आवश्यक हुन्छ।



# ङ) बालमैत्री

- बालबालिकाको क्षमताअनुरूप हुने गरी सहभागिताको वातावरण र कार्यविधिहरूको छनौट तथा पहिचान गरिएको हुनुपर्दछ। सहभागी हुनको लागि पर्याप्त समय एवं तयारी गरी (र स्रोतहरू सहित) बालबालिकाले प्रोत्साहनपूर्ण वातावरणमा आफ्ना विचार अभिव्यक्त गरी योगदान दिनका लागि आत्मविश्वास जुटाउन सकून्। आफ्नो उमेरअनुरूप एवं क्षमताअनुसार हुनेगरी संलग्न हुने विभिन्न स्वरूपहरूलाई मान्यता दिएको हुनुपर्दछ।



## च) समावेशी

- विद्यमान भेदभावको स्वरूपहरूलाई अस्वीकृत गर्ने तथा सीमान्तकृत बालबालिका, बालिका तथा बालकहरू दुवैको लागि समान अवसरहरू उपलब्ध गराएर उत्साहपूर्वक संलग्नता गराउने खालको समावेशी हुनुपर्दछ।
- बालबालिका एकै समूहका होइनन् र उनीहरूलाई कुनै पनि किसिमबाट भेदभाव नगरी सबैको लागि समान अवसर दिनेगरी सहभागी गराइनु आवश्यक हुन्छ।
- सांस्कृतिक रूपमा संवेदनशील हुनुपर्दछ।



## छ) तालिम दिएर सहयोग गर्ने

- प्रभावकारी बालसहभागिता प्रवर्द्धन गर्न सहजीकरणका लागि वयस्कहरूको तयारी चाहिन्छ र यसका लागि सीपविकास गरी सहयोग गर्नुपर्दछ । जस्तैः प्रभावकारी सुनाइ सीप, बालबालिकासँग सहकार्य गर्ने सीप र प्रभावकारी रूपमा उनीहरूको उदयोन्मुख क्षमताअनुरूप हुनेगरी सहभागी गराउने सीप, आदि ।
- त्यस्तै, बालबालिका स्वयं सहजकर्ता भएर काम गर्दा अधिकारबारे सचेतना जगाउन कसरी सहभागी हुने, बैठक आयोजना गर्नको लागि तालिम, स्रोतकोष बढाउने (फण्ड रेजिङ) तालिम, सञ्चारका माध्यमहरूको सामना गर्ने, सार्वजनिक भाषणकला र पैरवीलगायतका विषयहरूमा क्षमता अभिवृद्धिको अवसर आवश्यक पर्दछ ।



## ज) सुरक्षित र जोखिमबारे संवेदनशीलता

- बालबालिकामाथि हुनसक्ने हानि वा सहभागिताका कारण आउनसक्ने नकारात्मक परिणामसम्बन्धी जोखिमलाई न्यूनीकरण गर्न आवश्यक सबै उपायहरू अपनाउनुपर्दछ। बालबालिकालाई जोखिमबाट सुरक्षित हुनुपर्ने आफ्नो अधिकारबारे सचेत हुन र आवश्यक परेमा सहयोगको लागि कहाँ जाने भन्ने बारे स्पष्ट जानकारी हुनुपर्दछ। यसको लागि घरपरिवार र समुदायसँग काम गर्नु र त्यसको लागि लगानी बढाउनु अत्यन्तै महत्वपूर्ण हुन्छ।



## झ) जवाफदेही

- सम्पन्न गरिएका कार्यको अनुगमन र मूल्याङ्कन गर्न प्रतिबद्धता आवश्यक हुन्छ ।
- कुनै पनि नतिजाहरूलाई बालबालिकाको सहभागिताले कसरी प्रभाव पारेको छ भन्नेबारे स्पष्ट पृष्ठपोषण सहित उनीहरूलाई अधिकारका धारक तथा सरोकारवालाका रूपमा लिइनुपर्दछ ।
- उपयुक्तताअनुसार बालबालिकालाई कुनै पनि प्रक्रिया वा क्रियाकलापको अनुगमनमा सहभागी हुने अवसर दिनुपर्दछ ।



# सहभागिताको लागि धन्यवाद ।

